## भूलसुधार

मिति २०३४।४।१७ को नेपाल राजपत्र संख्या १६ मा प्रकाशित यस मन्त्रालयको जग्गा अधिग्रहणसम्बन्धी सूचनाको तेस्रो पंक्तिमा बढी रहनगएको "परवानीपुर नहर डिभिजनको" भन्ने शब्दहरू झिकी संशोधन गरिएको छ।

खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय

## भूलसुधार

मिति २०३३।५।२८ को नेपाल राजपत्र भाग ३ खण्ड २६ संख्या २२ मा प्रकाशित यस मन्त्रालयको खानेपानी तथा ढल निकास समितिको गुरु योजना अन्तरगत ढल प्रशोधन केन्द्र बनाउनको लागि अधिग्रहण भएको ललितपुर जिल्ला ल. पु. नगर पञ्चायत वार्ड नं ४ (द) मा पर्ने कि. नं. ३,४ र १८१ को क्षेत्रफल क्रमशः ०–६–२, १–२–० र ४–३–० हुनुपर्नेमा ०–६–०, ०–१–२ र ०–४–१ हुनगएकोले भूलसुधार गरिएको छ।

जल तथा विद्युत् मन्त्रालय

## भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड २७ संख्या १४ मिति २०३४।४।३ मा प्रकाशित श्री ५ को सरकार प्रशासन व्यवस्था विभागको सूचनामा प्रकाशित पृष्ठ १२ को राजपत्रांकित द्वितीय श्रेणीको महलको नं. ६ मा "मुख्य लेखापरीक्षक"को सट्टा "मुख्य लेखाप्रशिक्षक" राजपत्रांकित तृतीय श्रेणीको महलको नं. ५ मा "लेखा परीक्षक" को सट्टा "लेखाप्रशिक्षक" र राजपत्र अनंकित प्रथम श्रेणीको महलको नं. २ मा "लेखापरीक्षण अधिकृत"को सट्टा "लेखा परीक्षण अधिक्षक" गरी भूलसुधार गरिएको छ।

प्रशासन व्यवस्था विभाग

## भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड २५ संख्या १७ मिति २०३२।४।१६ मा प्रकाशित श्री ५ को सरकार, निर्माण तथा यातायात मन्त्रालयको सूचनामा चक्रपथ निर्माणगर्नको लागि अधिग्रहण भएको का. जि. बालाज्यु गा. प. वडा नं. ३ (ख) को कि. नं. १४६ बाट १–१५–२ हुनुपर्नेमा १५६ बाट भएकोले भूलसुधार गरिएको छ।

निर्माण तथा यातायात मन्त्रालय
सडक विभाग

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।